# नीति संक्षेप

## नेपालमा विकेन्द्रीकृत विपद् जोखिम व्यवस्थापन धरातलीय चिन्तन

विपद् पूर्वतयारी सञ्जाल (म्एल्भत) तथा एक्सनएड इन्टरनेसनल नेपाल, अगस्ट २०२२

## सिंहावलोकन

जलवायु परिवर्तनप्रति व्यक्त गरिएका अन्तराष्ट्रिय तथा क्षेत्रीय प्रतिवद्धता अर्थात जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारूप महासन्धि (UNFCCC), दिगो विकास लक्ष्यहरू (SDG) २०१६-२०३० र विपद् जोखिम न्यूनीकरणका लागि सेन्दाइ प्रारूप (२०१५-२०३०) को नेपाल हस्ताक्षरकर्ता हो। नेपालमा दसौं योजना (२००२-२००७) लागू भएदेखि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनले गम्भीर ध्यानाकर्षण गर्न थाल्यो। नेपाल सरकारले जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित कानून तथा नीति तर्जुमा गरेको छ। ती हुन् : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०१७, स्थानीय सरकार सञ्चालन ऐन २०१७, विपद् जोखिम न्यूनीकरण सम्बन्धी र ाष्ट्रिय नीति २०१८, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्य योजना (२०१८-२०३०) र जलवायु परिवर्तन नीति २०११। स्थानीय सरकारलाई सङ्घीय नीति अनुरूप स्थानीय विपद् व्यवस्थापन ऐन र निर्दे शिका बमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि बजेट विनियोजन गर्ने अधिकार छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई जोखिमप्रति सङ्कटासन्न क्षेत्रहरू पहिचान गर्ने खालका जोखिम सङ्कटासन्न नक्सा तयार गर्न, विपद् जोखिम व्यवस्थापन कार्यक्रम तथा नीति कार्यान्वयन एवम् सञ्चालन गर्न र विपद् जोखिम व्यवस्थापन कोष स्थापना गर्न निर्देशन दिएको छ।



कोभिड-१९ को महामारी र देशमा भर्खरै देखा परेका अन्य प्रकोपपछि स्थानीय सरकारले विपद् जोखिम न्यूनीकरण तथा मानवीय कार्यको विकेन्द्रीकरण हुनुपर्ने आवश्यकता महसुस गरेको छ। बिभिन्न अध्ययन तथा स्थानीय सरकारका अधिकारीले स्थानीय सरकारले विपद् जोखिम व्यवस्थापनका लागि धेरै कार्य गर्न आवश्यक छ भनी स्वीकार गरेका छन्। सङ्घीयताको पांच वर्ष र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन तथा नीतिले विपद् जोखिम व्यवस्थापनलाई विकेन्द्रीकरण गर्न अवसर प्रदान गरेका छन्। ऐन तथा नीतिले स्थानीय सरकारलाई सान्दर्भिक नीति एवम् बजेट योजना तर्जुमा गर्न र अति सङ्कटासन्न समूहहरूका आवश्यकतालाई प्रभावकारी तथा कुशल ढङ्गले सम्बोधन गर्नका लागि अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न निर्देशन दिएका छन्। विपद्प्रति सङ्कटासन्न समुदाय तथा व्यक्तिहरूको अधिकार सुनिश्चित होस् भन्नका लागि उपलब्ध स्रोतसाधन अधिकत्तम रूपमा उपयोग गर्नका लागि सरकारलाई मार्गनिर्देशन गर्न उपलब्धि, चुनौती, छुटेका अवसर र भावी अवसरका बारेमा चिन्तन गर्न अत्यावश्यक छ। यस नीति संक्षेपले पालिका तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन नीति एवम् योजनाको कार्यान्वयन अवस्था र प्रभावकारिताका बारेमा बुझ्न तीन प्रदेश (बाग्मती, कर्णाली र मधेस) का १६ स्थानीय तहमा सन् २०२२ को मार्च देखि जुनसम्म गरिएको विकेन्द्रीकृत विपद् जोखिम व्यवस्थापन : धरातलीय चिन्तन विषयक अध्ययनको परिणाम/निष्कर्ष प्रस्तुत गरेको छ। अध्ययनका उद्देश्य निम्न थिए;: स्थानीय तहले निर्वाह गरेका भूमिका तथा जिम्मेवारीको समीक्षा गर्ने; जिम्मेवारी निर्वाह गर्दा र विकास योजनामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्दा स्थानीय सरकारले अनुभव गरेका चुनौती तथा अवसरलाई दस्तावेजीकरण गर्ने; नेपालमा विपद् जोखिम व्यवस्थापनको विकेन्द्रीकरण भएपछि सङ्कटासन्न समुदायहरूले अनुभूति गरेका परिवर्तनको मूल्याङ्कन गर्ने र विपद् जोखिम व्यवस्थापनको विकेन्द्रीकरणले स्थानीय तथा सङ्कटासन्न समुदायहरूमा शक्ति हस्तान्तरण गर्न, पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धन गर्न र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा युवा तथा महिला नेतृत्वलाई प्रवर्द्धन गर्न कसरी सहयोग गरेको छ भनेर दस्तावेजीकरण गर्ने।

## अवलोकन तथा निष्कर्ष

### स्थानीय विपद्र जोखिम व्यवस्थापन ऐन, नीति तथा योजना तर्जुमा र कार्यान्वयन

केन्द्रीय तहमा नीतिगत दस्तावेजहरू उपलब्ध भए तापनि प्रादेशिक तथा स्थानीय सरकारहरूमा कानून तथा नीति तर्जुमा र भएका नीति तथा कार्यक्रमको कार्यान्वय न्यून भएको पाइन्छ। प्रायजसो नगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन तथा योजना तयार गरेका छन भने केही नगरपालिकाले प्राविधिक क्षमताको कमी भएकाले तयार गर्न सकेका छैनन्। उनीहरू सङ्घीय ऐन तथा नीतिमा भर पर्दछन् र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्रियाकलापहरू सञ्चालन गर्दा स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिका

निर्णयअनुसार काम गर्दछन् । यसरी नै एक तिहाइ नगरपालिकाले विपद् जोखिम व्यवस्थापन कोष परिचालन निर्देशिका तर्जुमा गरेका छन् भने केहीले स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रहरू (LEOCs) स्थापना गरी विपद् प्रतिकार्य योजना तयार गरेका छन् ।

## स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन संस्था तथा संरचना

नगरपालिका तहको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन संरचनामा प्रतिनिधित्व व्यक्तिको नभई सङ्गठनात्मक भएकाले महिला तथा सङ्कटासन्न समूहको प्रतिनिधित्व मापन गर्न गाह्रो छ । कुनै पनि स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन तथा नीतिले विशेष गरी स्थानीय विपद् व्यवस्थापन समिति (LDMC) मा महिला र सङ्कटासन्न समूहको प्रतिनिधित्वका लागि कुनै संयन्त्रको उल्लेख गरेका छैनन् । स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रले जनशक्तिको अभावमा आफ्नो भूमिका अनुसार काम गर्न नसकेको पाइयो ।

## नगरपालिकाद्वारा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोष विनियोजन तथा खर्च

गैरसरकारी तथा द्विपक्षीय संस्थाका परियोजनाले नीति र निर्देशिका तर्जुमा गर्न एवम् संस्थागत पक्षहरूलाई सुदृढ गर्न योगदान पुऱ्याएको देखियो् तर यी योजनाको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय सरकारले आफ्ना श्रोतसाधनबाट आवश्यक नीति तथा लक्ष्यअनुसारका कार्यक्रम पर्याप्त मात्रामा तर्जुमा गरेको पाइएन । लगभग सबै नगरपालिकाले विपद् व्यवस्थापन कोष सिर्जना गरेका छन्, तर कोभिड-१९ लगायत विपद प्रतिकार्यमा खर्च भएको देखिन्छ ।

### सक्तटासन्न समुदायका सवाल/मुद्दा सम्बोधन

राहत सामग्री वितरण गर्न नियमित पारिवारिक आम्दानी, अपाङ्गता, वृद्धवृद्धा, एकल महिला आदि जस्ता मापदण्डको आधारमा हरेक नगरपालिकाले सबैभन्दा सङ्कटासन्न घरपरिवार तथा व्यक्तिहरूको पहिचान गर्नुपर्छ । यद्यपी सङ्कटासन्न समूहहरू पहिचान गर्न व्यवस्थित मूल्याङ्कन गरिएको छैन् । स्थानीय तहको विपद् जोखिम व्यवस्थापन संरचना समावेशी छैन र यसले महिला तथा अन्य सङ्कटासन्न समूहको प्रतिनिधत्व नगर्न सक्छ । न त विपद् जोखिम व्यवस्थापन ऐनले निर्देशिकाले नै महिला तथा सङ्कटासन्न समूहको अनिवार्य प्रतिनिधित्वका लागि सर्त वा कोटा तोकेको छ । अध्ययन गरिएका पालिकामा महिला, वृद्धवृद्धा, युवा र सहरी गरिब जस्ता सङ्कटासन्न समूह ऐनहरू तर्जुमामा अर्थपूर्ण रूपमा सहभागी नभएको पाइयो् । दातृ संस्थाको आर्थिक सहयोग प्राप्त परियोजनाहरू बाहेक पालिकाको नेतृत्वमा समुदाय स्तरको विपद् व्यवस्थापन समितिजस्ता संरचना बनेको देखिँदैन । तसर्थ, विपद् तथा जलवायु परिवर्तन अनुकूलन उपायसँग सम्बन्धित उनीहरूका सरोकारका विषय प्रसारण गर्न. मञ्च वा अवसर छैन । यसरी नै अतिरिक्त योजना तुर्जमा प्रक्रियामा सहरी गरिब तथा अन्य बासिन्दालाई संलग्न गराउन औपचारिक संयन्त्र छैन । प्रायजसो नगरपालिकासँग सङ्कटासन्न समुदायमा केन्द्रित सुरक्षा सञ्जाल र क्षमता अभिवद्धि कार्यक्रम छैन ।

### नया दृष्टिकोण : विपद् व्यवस्थापनका नया अवधारणा, तरिका तथा पहलको अवलम्बन

नेपाल सरकार तथा बिभिन्न मानवीय संस्थाले विपद् पछिको आकस्मिक प्रतिकार्य र पुनर्निर्माण चरणमा नगद हस्तान्तरण कार्यक्रम (CTP) को अभ्यास गरेको थियो । २०७२ सालको भूकम्पपछि क्षतिग्रस्त घर निर्माणका लागि सरकारले बैङ्क खाता मार्फत नगद प्रदान गरेको थियो । यसैगरी नै बाढी, पहिरो र कोभिड-१९ बाट पीडित परिवारहरूलाई बैङ्क चेक मार्फत आर्थिक सहयोग प्रदान गरिएको थियो ।

### जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरणको सामञ्जस्य

नगरपालिकाहरूले स्थानीय विपद् तथा जलवायु उत्थानशीलता योजना (LDCRP) तयार गरी जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण योजनाहरूलाई सुसङ्गत बनाउने प्रयास गरेका छन् । यद्यपी स्थानीय विकास योजना प्रक्रियामा ती योजनाहरूलाई समायोजन गरिएको छैन । स्थानीय तहमा विपद् तथा जलवायुको सामञ्जस्यलाई मार्गनिर्देशन गर्न केही प्रदेश र नगरपालिकाहरूले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक योजना तयार गर्न सुरु गरेका छन् ।



### विपद् जोखिम व्यवस्थापन विकेन्द्रीकरण: प्रादेशिक तथा स्थानीय तहलाई शक्ति हस्तान्तरण

सङ्घीय सरकारले विपद् जोखिम व्यवस्थापन ऐन, नीति, रणनीति र योजनालाई स्थानीयकरण गर्न प्राविधिक सहायता उपलब्ध गराउँछ तर यी ऐन र नीतिहरूलाई स्थानीय स्थानीय सन्दर्भअनुसार नीति तर्जुमा गर्ने भन्ने बारे स्थानीय सरकारहरू अझै स्पष्ट छैनन् । नीतिहरूले सामान्यतया विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई संस्थागत गर्ने जस्ता उच्च स्तरीय दृष्टिकोणको वर्णन गर्दछन् तर तिनीहरूले जोखिममा रहेका समुदायलाई लाभ पुऱ्याउन यो कसरी गरिनुपर्छ भनेर ठोस रणनीति तोक्दैनन् । अधिकांश नगरपालिकाहरूमा स्थानीय सरकारको विपद व्यवस्थापनमा सक्रिय र निरन्तर संलग्नता परियोजना अवधिसँग सम्बन्धित छ । विपद् जोखिम व्यवस्थापन संस्थागत संरचनाहरू सरकारका विभिन्न तहमा निर्धारित दायरा र गतिविधि सहित स्थापना गरिएका छन् तर प्रणाली सुदृढीकरणमा तिनीहरूको संलग्नता न्यून छ । सङ्घीय तथा प्रादेशिक सरकारसँग क्षमता अभिवृद्धि योजना



छैन, केही परियोजना तथा पहलहरू छन्, जुन लक्ष्य हासिल गर्न अपर्याप्त छन्। प्रदेश तथा स्थानीय सरकारहरूमा विपद् जोखिम व्यवस्थापन ऐन र नीति तर्जुमा तथा कार्यान्वयन गर्ने कुनै अनुगमन संयन्त्र छैनन्।

## स्थानीय सरकारमा जवाफदेहिता संयन्त्र

नागरिकहरूले विपद् जोखिम व्यवस्थापन तथा सिद्धान्त बुझ्ने, विपद् जोखिम व्यवस्थापन क्रियाकलापको अनुगमन गर्ने र पृष्ठपोषण प्रदान गर्ने अवसर पाउनु पर्छ। स्थानीय तहमा राहत सहयोग र प्रतिकार्यका क्रममा गुणस्तर तथा जवाफदेहिताका पक्षमा खासै ध्यान दिएको पाइएन। स्थानीय सरकारसँग क्षेत्र तथा आधारभूत मानवीय मापदण्ड सिद्धान्तको सीमित बुझाइ छ। स्थानीय तहमा कुनै मापदण्ड नतोकिएका हुनाले सङ्घीय सरकारले जारी गरेको मापदण्डको पालना गरिन्छ। हालै प्रादेशिक सरकारहरूले राहत सहयोगका लागि केही मापदण्ड र निर्देशिका तर्जुमा गरेका छन्। स्थानीय सरकारहरूले सबैभन्दा बढी प्रभावित परिवारहरू छनोट गर्न र राहत सामग्री प्रदान गर्न मापदण्ड तयार गरेका छन्। राहत सामग्री प्याकेज निर्धारण गर्ने सन्दर्भमा सङ्कटासन्न समुदायसँग परामर्श गर्ने अभ्यास छैन र पृष्ठपोषण सङ्कलन गर्न एवम् अधिकार वालाहरूलाई जवाफ दिन औपचारिक संयन्त्र छैन।

### नीतिगत् सिफारिस

विद्यमान विपद् जोखिम व्यवस्थापन प्रारूपलाई थप समावेशी तथा प्रभावकारी बनाउन बिभिन्न तहका सरकार काम गर्न इच्छुक छन्। यही पृष्ठभूमिमा निम्न सिफासिहरू सुझावहरू दिइएको छ।

### प्रादेशिक/सङ्घीय सरकार

- स्थानीय तहमा विपद् व्यवस्थापन सम्बन्धी हालै बनाइएका विपद् जोखिम व्यवस्थापन ऐन, नीति र नियम सङ्घीय तथा प्रादेशिक सरकारको प्राविधिक सहयोगमा लागू गर्ने।
- महिला र अन्य सङ्कटासन्न समूहको प्रतिनिधित्व सुनिश्चित गर्न लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति सहित स्थानीय विपद् व्यवस्थापन समिति (LDMC)/सामुदायिक विपद् व्यवस्थापन समिति (CDMC) को संरचनालाई पुनः गठन गर्ने र प्रभावकारी बनाउने।
- विपद् प्रतिकार्यत्मक सामाजिक सुरक्षा र पूर्वानुमानमा आधारित पूर्वकार्य जस्ता नयाँ प्रविधि तथा सीपको परीक्षण गर्न प्राविधिक र वित्तीय सहयोग प्रदान गर्ने।
- विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलनसम्बन्धी क्रियाकलापलाई मुलप्रवाहीकरण र अन्य कार्यक्रमसगँ एकीकृत गर्न गृह मन्त्रालय, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलगायत सम्बन्धित मन्त्रालय र बिभागबीच समन्वय बढाउने, भएका नीति र कार्यक्रमको नक्शांकन गरि सम्बन्धित नीति तथा कार्यक्रमको दोहोरोपन हटाइ सबै सम्बन्धित निकायको स्वामित्व रहने गरि एकीकृत नीति, योजना तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने।
- संघीय र प्रदेश सरकारले स्थानीय सरकारका प्रतिनिधि, कर्मचारीलाई विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तनसम्बन्धी एकीकृत नीति, योजना र कार्यक्रम तर्जुमा गर्न आवश्यक औजारसम्बन्धी अभिमुखीकरण गर्न वित्तीय र प्राबिधिक सहयोग गर्ने। संघीय तथा प्रदेश सरकारले विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तनसम्बन्धी स्थानीय स्तरमा भएका नीति, योजना र कार्यक्रमका सम्बन्धमा औपचारिक पृष्ठपोषण र मुल्यांकनका लागि अनुगमन संयन्त्रको निर्माण गर्ने।विपद जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तनसम्बन्धी संस्थागत, नीतिगत र कार्यक्रमको कार्यान्वयनका लागि भएका वित्तीय संयन्त्रको अधिकतम उपयोग र नया वित्तीय संयन्त्रको पहिचान र परिचालन गरि अति संकटासन्न समुदायमा जोखिम न्यूनीकरण तथा अनुकुलनसम्बन्धी कार्यक्रम लागु गर्ने। पोर्टलको स्थानीयकरणमा तीव्रता ल्याउनका लागि स्थानीय स्तरमा विभिन्न सरोकारवाला निकायले संकलन गर्ने घरधुरी, अत्यावश्यक भौतिक पुर्वाधारलगायतको तथ्यांक विपद् पोर्टलमा राख्न मिल्ने गरि संकलन गर्न आवश्यक न्युनतम तथ्याकको विवरण सार्वजनिक गरि स्थानीय तह र विभिन्न सरोकारवाला निकायलाई उपलब्ध गराउने।
- महिला, अपाङ्गता भएका व्यक्ति, युवा, वृद्धवृद्धा आदिजस्ता सङ्कटासन्न समूहको प्रतिनिधित्व सुनिश्चित गर्न विपद् जोखिम व्यवस्थापन ऐन तथा नीति संशोधन गर्ने।
- विपद् जोखिम व्यवस्थापन तथा मानवीय कार्यलाई मूलप्रवाहीकरण गर्न अनुगमन संयन्त्र तथा कार्यसम्पादन सूचकहरू मार्फत सबै तह (सङ्कटासन्न समुदाय, सरकारी अधिकारी, क्षेत्रगत विभाग

तथा मन्त्रालय) मा सहभागिता, पारदर्शिता र पृष्ठपोषण लगायत जवाफदेहिताका सवाल र पक्ष निश्चित गर्ने ।

## स्थानीय सरकार

- पालिका, वडा र सामुदायिक तहमा समावेशी विपद् जोखिम न्यूनीकरण संरचनाको स्थानीकरणमा लगानी गर्ने ।
- नगरपालिकाका पदाधिकारी तथा कर्मचारीका लागि विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील योजनासम्बन्धी राष्ट्रिय कानुन, नीति, संस्थागत संयन्त्र, मानवीय मानक तथा मानवीय सहायताका विभिन्न अवधारणा र कार्यविधि सम्बन्धी अभिमुखीकरण तथा पुनर्ताजगीका निम्ति पर्याप्त स्रोतहरू विनियोजन गर्ने ।
- युवा तथा महिला नेतृत्वलाई प्रवर्द्धन गर्ने खालको वार्षिक योजना तयार गरी स्थानीय विपद् व्यवस्थापन समिति, सामुदायिक विपद् व्यवस्थापन समिति र कार्यदल सञ्चालन गर्ने । समुदायमा उपस्थिति तथा सम्बन्धको अनुभूति गराउन समुदायसँग प्रत्यक्ष अन्तरक्रिया र देखिने खालका क्रियाकलाप अगाडि बढाउने ।
- परियोजनाको आर्थिक सहयोगमा हुने कार्यहरूसँगै प्रतिकार्य केन्द्रित हुनुको सट्टा विपद् व्यवस्थापन कोष मार्फत सम्पूर्ण विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन चक्रका लागि स्रोत विनियोजन गर्ने । कर्पोरेट सामाजिक दायित्व (CSR), प्रदूषकले भुक्तान गर्ने सिद्धान्त आदि जस्ता अतिरिक्त वित्तीय संयन्त्र पहिचान गर्दै स्थानीय विपद. तथा जलवायु उत्थानशील योजना, विपद् तयारी तथा प्रतिकार्य योजना (DPRP) र स्थानीय अनुकूलन कार्ययोजनालाई कार्यान्वयन गर्न पर्याप्त वित्तीय लगानी गर्ने ।
- उत्थान्शील बिकासको लागि विपद जोखिम न्यूनीकरण र जलवायु अनुकुलन सम्बन्धि बनेका योजनालाई, समुदायको योगदानलाइ सुनिस्चित गर्दै समुदायको नेतृत्वमा स्थानीय ज्ञानसिपको प्रयोग र प्रबर्धन गर्दै कार्यान्वयन गर्न पालिकाको क्षेत्रगत बार्षिक योजना र बजेटमा मुलप्रवाहीकरण गर्ने र एकीकृत ढंगले बढाउन पर्याप्त बित्तिय बिनियोजन गर्ने र उपयुक्त क्रियूकलापमा निजि क्षेत्रको सहभागिता र योगदान सुनिस्चित गर्ने
- विपद जोखिम न्यूनीकरण र व्यवस्थापन, जलवायु अनुकुलन सम्बन्धि नया अवाधराना र तरिका जस्तै नगत हस्तान्तरण, बिमा मार्फत जोखिम स्तान्तरण आदिको प्रबर्धनको लागि सानो स्तरमा परिक्षण परियोजना मार्फत अघि बढाउने
- महिला तथा अन्य सङ्कटासन्न समूहको प्रतिनिधित्व सुनिश्चित गर्न स्थानीय ऐन र नीति संशोधन एवम् परिमार्जन गर्ने ।
- समग्र विपद् जोखिम व्यवस्थापनको सुशासनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको सम्पूर्ण प्रक्रियामा समुदाय तथा सङ्कटासन्न समूहको प्रभावकारी र कुशल संलग्नताका निम्ति नगरपालिका, वडा तथा सामुदायिक तहमा स्थानीय सरकारको पारदर्शिता र जवाफेहिता संयन्त्र तयार गर्ने एवम् यसको क्रियाशीलता सुनिश्चित गर्ने ।
- स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र (EOC) को प्रभावकारी सञ्चालनका लागि कर्मचारी रिक्त पदहरू भर्ने र BIPAD पोर्टल सञ्चालन एवम् अद्यावधिक गर्ने जस्ता आवश्यक सीप आर्जन गर्न कर्मचारीहरूलाई तालिम दिने ।


## आभारः

यस ज्ञानरूपी उत्पादनलाई नेपालमा विपद् जोखिम व्यवस्थापनलाई सुदृढ बनाउन प्रयोग गर्नका निम्ति सम्भव तुल्याउन विभिन्न छलफल तथा बैठक आयोजना गर्ने DPNet Nepal सँग सम्बद्ध अनुसन्धानकर्ता गोविन्द रिमाल र राम गुरुङको योगदानलाई एक्सनएड अन्तराष्ट्रिय नेपाल कदर गर्दै आभार व्यक्त गर्दछ ।



actionaid NEPAL

**कार्यालय**
अप्सरा मार्ग, लाजिम्पाट
वडा नं. ३, काठमाडौं, नेपाल
पोष्ट बक्स नं ६२५७
फोनः ९७७-१-४००२१७७
फ्याक्सः ९७७-१-४००२११८
ईमेलः mail.nepal@actionaid.org

DPNet Nepal

**कार्यालय**
कार्यालय
विपद् पूर्वतयारी सञ्जाल-नेपाल
डीपीनेट-नेपाल
सी/ओ रेडक्रस, रेडक्रस रोड, कालीमाटी, काठमाडौ
फोन +९७७-१-५६७२१६५
ईमेलः dpnet@dpnet.org.np
वेबसाइटः https://www.dpnet.org.np/